# प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४

नेपाल राजपत्रमा प्रकाशित मिति

२०७४।६।१२

**संशोधन**

प्रदेश सभा सदस्य निर्वाचन (पहिलो संशोधन) नियमावली, २०७४ २०७४।६।२७

प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "निर्वाचन कार्यक्रम" भन्नाले नियम ३ बमोजिमको निर्वाचन कार्यक्रम सम्झनु पर्छ ।

(ग) "निर्वाचन चिन्ह" भन्नाले ऐनको दफा ३१ बमोजिम आयोगले निर्धारण गरेको निर्वाचन चिन्ह सम्झनु पर्छ ।

(घ) "निर्वाचन कार्यालय" भन्नाले जिल्ला निर्वाचन कार्यालय वा क्षेत्रीय निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ङ) "मतगणना प्रतिनिधि" भन्नाले उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतगणनाको काममा प्रतिनिधित्व गर्नको लागि नियम ४५ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(च) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि ऐनको दफा ३४ बमोजिम आयोगले तोकेको मतदान केन्द्र सम्झनु पर्छ र सो शब्दले मतदान उपकेन्द्रलाई समेत जनाउँछ ।

(छ) "मतदान प्रतिनिधि" भन्नाले उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतदान केन्द्रमा प्रतिनिधित्व गर्नको लागि नियम ४४ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ज) "मनोनयनपत्र" भन्नाले निर्वाचनमा उम्मेदवारीको लागि निर्वाचन अधिकृत समक्ष पेश भएको मनोनयनपत्र सम्झनु पर्छ ।

## परिच्छेद - २

## निर्वाचन कार्यक्रमको सूचना

३. **निर्वाचन कार्यक्रम निर्धारण:** (१) ऐनको दफा ६ बमोजिम निर्वाचनको मिति तोकिएको सूचना प्रकाशन भएपछि आयोगले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि निर्वाचनमा भाग लिन चाहने दलले आयोगमा निवेदन पेश गर्ने, उम्मेदवारको बन्दसूची पेश गर्ने, उम्मेदवारको बन्दसूची जाँचबुझ गर्ने, बन्दसूची सच्याउने, उम्मेदवारको बन्दसूची प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको बन्दसूची उपर दाबी विरोध गर्ने, उम्मेदवारको बन्दसूची उपर छानबीन गर्ने र उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गर्ने समेतको निर्वाचन कार्यक्रम निर्धारण गर्नेछ ।

(२) आयोगले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, मनोनयनपत्र दर्ता भएको उम्मेदवारको नामावलीको सूची प्रकाशन गर्ने, उम्मेदवारीको दाबी विरोधमा उजूरी दिने, मनोनयनपत्र र उजूरी उपर जाँचबुझ गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने र मतदान गर्ने मिति, समय र स्थान समेत उल्लेख भएको निर्वाचन कार्यक्रम निर्धारण गर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम आयोगले निर्धारण गरेको निर्वाचन कार्यक्रमको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

४. **निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्नु पर्ने:** (१) निर्वाचन अधिकृतले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीसँग सम्बन्धित निर्वाचन कार्यक्रमको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) नियम १३ बमोजिमको निर्वाचन अधिकृतले समानुपातिक निर्वाचन प्रणालीसँग सम्बन्धित निर्वाचन कार्यक्रमको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार

५. **मुख्य निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार:** ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त मुख्य निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्वाचनको लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनको लागि प्रमुख जिल्ला अधिकारीबाट ऐनको दफा १० को उपदफा (४) बमोजिमका कर्मचारी तथा शिक्षकको विवरण माग गर्ने,

(ख) खण्ड (क) बमोजिम विवरण प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारी, सम्बन्धित निर्वाचन अधिकृत तथा निर्वाचन अधिकारीसँग समन्वय गरी निर्वाचनको लागि आवश्यक पर्ने कर्मचारी तथा शिक्षकको नामावली सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउने,

(ग) निर्वाचन सम्पन्न भएपछि जिल्लाभित्रका निर्वाचन अधिकृतबाट प्राप्त प्रतिवेदनको आधारमा एकमुष्ट प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्ने,

(घ) जिल्लाभित्रका निर्वाचन सम्बन्धी कामको सुपरिवेक्षण र समन्वयको लागि आयोगले तोके बमोजिमका अन्य काम गर्ने ।

६. **निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार:** (१) ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगबाट प्राप्त भएको मतदान केन्द्रको सूची आफ्नो कार्यालयमा प्रकाशन गर्ने,

(ख) निर्वाचन अधिकृतको कार्यालयलाई आवश्यक पर्ने सहायक निर्वाचन अधिकृत तथा अन्य कर्मचारी नियुक्त गर्ने,

(ग) नियम ५ को खण्ड (ख) बमोजिम मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट प्राप्त विवरणको आधारमा मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य सहायक कर्मचारी नियुक्त गरी मतदान केन्द्रमा खटाउने,

(घ) आयोगले उपलब्ध गराएका मतपत्र तथा अन्य निर्वाचन सामग्री रुजु गरी बुझी लिने,

(ङ) सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई निर्वाचन तथा मतदान सम्बन्धी प्रक्रियाको विषयमा अभिमुखिकरण गर्ने, गराउने,

(च) आयोगबाट प्राप्त मतपत्र लगायतका निर्वाचन सामाग्री मतदान अधिकृतलाई उपलब्ध गराउने,

(छ) मतदान केन्द्र तथा मतगणना गर्ने स्थान र सो कार्यमा खटिने कर्मचारीको आवश्यक सुरक्षा प्रबन्धको लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने,

(ज) मतदानको दिन विभिन्न घुम्ती टोलीसमेत खटाई मतदान केन्द्रमा मतदान कार्यको अनुगमन, निरीक्षण तथा रेखदेख गर्ने, गराउने,

(झ) मतदान कार्य समाप्त भएपछि मतदान केन्द्रबाट मतगणना गर्न तोकिएको स्थानमा प्राप्त भएका मतपेटिका बुझी सुरक्षित साथ राख्ने,

(ञ) सम्बन्धित निर्वाचन क्षेत्रभित्रका सबै मतदान केन्द्रबाट मतपेटिका सङ्कलन भएपछि मतगणना गर्ने,

(ट) मतगणना कार्य प्रारम्भ भएपछि समय–समयमा मतगणना परिणामको बारेमा मतगणना स्थलमा जानकरी गराई सोको विवरण आयोगमा पठाउने,

(ठ) मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणामको घोषणा गर्ने,

(ड) निर्वाचन सम्पन्न भएपछि सोको परिणाम निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र आयोगमा पठाउने,

(ढ) मतदान अधिकृतबाट प्राप्त भएका बाँकी निर्वाचन सामग्री निर्वाचन कार्यालयमा बुझाउने,

(ण) आयोगबाट स्वीकृत आर्थिक निर्देशिकामा उल्लेख भए बमोजिम खर्च लेख्ने र लेखा राख्ने,

(त) निर्वाचन सम्बन्धी सम्पूर्ण खर्चको आन्तरिक लेखा परीक्षण गराई सो सम्बन्धी सम्पूर्ण विवरण आयोगमा बुझाउने,

(थ) निर्वाचन पर्यवेक्षणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक व्यवस्था गर्ने,

(द) प्रचलित कानूनी व्यवस्था र निर्वाचन आयोगले समय–समयमा दिएका आदेश वा निर्देशनको अधीनमा रही निर्वाचन कार्यक्रम अनुसारका सबै कार्य सम्पन्न गर्ने ।

(२) निर्वाचन अधिकृतको प्रत्यक्ष निर्देशनमा रही ऐन तथा यस नियमावली बमोजिम निर्वाचन सम्बन्धी काममा निर्वाचन अधिकृतलाई सहयोग गर्नु सहायक निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

७. **<u>मतदान अधिकृतको काम, कर्तव्य र अधिकारः</u>** (१) ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त मतदान अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मतदान अधिकृतमा नियुक्त भएपछि निर्वाचन सम्बन्धी तालीम तथा अभिमुखिकरण कार्यक्रममा भाग लिने,

(ख) निर्वाचन अधिकृतको कार्यालयबाट उपलब्ध गराइएका मतपत्र लगायतका निर्वाचन सामग्री रुजु गरी बुझी लिने,

(ग) निर्वाचन कार्यालयबाट उपलब्ध गराइएका मतदान केन्द्र सम्बन्धी अन्य निर्वाचन सामग्री रुजु गरी बुझी लिने,

(घ) आफूलाई तोकिएको मतदान केन्द्रमा खटाईएका सहायक मतदान अधिकृत, अन्य कर्मचारी तथा सुरक्षाकर्मीसँग समन्वय गर्ने,

(ङ) आफूलाई तोकिएको मतदान केन्द्रमा तोकिएको समयभित्र पुगी आयोगद्वारा निर्धारित तरिकाले मतदान केन्द्र निर्माण गर्ने,

(च) सुरक्षा, भौगोलिक कठिनाइ तथा अन्य कुनै मनासिब कारणले तोकिएको मतदान केन्द्रमा निर्वाचन सम्पन्न गराउन नसकिने भई तत्काल अर्को मतदान केन्द्र स्थापना गर्नुपर्ने अवस्था भएमा त्यसको जानकारी तुरुन्त निर्वाचन अधिकृतलाई गराउने,

(छ) मतदान कार्यमा सहयोग गर्न आयोगले तोकेको सङ्ख्यामा स्वयंसेवक नियुक्त गर्ने,

(ज) मतदान कार्यलाई सहज तरिकाले सम्पन्न गर्न दल तथा उम्मेदवारका स्थानीय प्रतिनिधिसँग समन्वय गर्ने,

(झ) मतदान कार्यलाई सुचारु रुपले अघि बढाउन चनाखो भई मतदान कार्यको निरन्तर अनुगमन गर्ने,

(ञ) मतदानको दिन मतदानको गतिविधि सम्बन्धमा समय–समयमा निर्वाचन अधिकृतलाई जानकारी गराउने,

(ट) मतदानको दिन मतदान केन्द्रमा आउने विभिन्न घुम्ती टोली, पर्यवेक्षक, पत्रकार, अनुगमनकर्ता र सुरक्षाकर्मीलाई मतदान कार्यको अवस्थाबारे जानकारी दिने,

(ठ) मतदान केन्द्रमा स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा मतदान कार्य सम्पन्न गराउने,

(ड) मतदान कार्य समाप्त भएपछि आयोगद्वारा स्वीकृत निर्देशिका बमोजिम मुचुल्का गराई मतपेटिका तथा अन्य निर्वाचन सामग्री आवश्यकता अनुसार सिल गरी सुरक्षित तरिकाले निर्वाचन अधिकृतलाई बुझाउने,

(ढ) प्रचलित कानूनी व्यवस्था र आयोगले समय–समयमा दिएका आदेश वा निर्देशनको अधीनमा रही मतदान कार्य सम्पन्न गर्ने ।

(२) मतदान अधिकृतको प्रत्यक्ष निर्देशनमा रही मतदान कार्य सम्पन्न गराउन मतदान अधिकृतलाई सहयोग गर्नु सहायक मतदान अधिकृतको कर्तव्य हुनेछ ।

(३) काबु बाहिरको परिस्थति पर्न गई मतदान अधिकृतले मतदान कार्य गराउन नसक्ने भएमा सहायक मतदान अधिकृतले ऐन तथा यस नियमावली बमोजिम मतदान अधिकृतले गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण काम कारबाही सम्पन्न गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम मतदान अधिकृतले कार्य सम्पादन गर्न नसकेको जानकारी मतदान अधिकृत वा सहायक मतदान अधिकृतले तत्काल निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

## परिच्छेद - ४

## पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवारको मनोनयन

८. **मनोनयनपत्र दर्ता गराउन सक्नेः** (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन चाहने संविधान तथा ऐन बमोजिम योग्यता पुगेको व्यक्ति आफैंले वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थक मार्फत निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा मनोनयनपत्र दर्ता गर्न वा गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा एकजनाले प्रस्ताव र अर्को एकजनाले समर्थन गरी सहीछाप गरेको हुनु पर्नेछ । त्यस्तो प्रस्तावक र समर्थकको सोही प्रदेशको निर्वाचन क्षेत्र अन्तर्गतको गाउँपालिका वा नगरपालिकाको वडाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा समेत मनोनयनपत्र साथ संलग्न गरेको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै व्यक्तिको मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा फरक-फरक व्यक्ति प्रस्तावक र समर्थक रहेका बढीमा दुईवटा मनोनयनपत्र दर्ता गर्न वा गराउन सकिनेछ ।

(४) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन निर्वाचनमा कुनै दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन र त्यस्तो व्यक्तिलाई उम्मेदवार मनोनयन गर्न पाइने छैन ।

९. **मनोनयनपत्र साथ उम्मेदवारले पेश गर्नुपर्ने कागजात:** ऐनको दफा २० बमोजिम मनोनयन पत्र दाखिला गर्दा उम्मेदवारले मनोनयनपत्र साथ देहायका कागजात पेश गर्नु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्रको प्रतिलिपि,

(ख) सम्बन्धित प्रदेशभित्रको गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

(ग) ऐनको दफा ७० बमोजिम धरौटी जम्मा गरेको रसीद वा भौचर,

(घ) दलको उम्मेदवारको हकमा ऐनको दफा १८ को उपदफा (४) बमोजिमको औपचारिक पत्र ।

१०. **उम्मेदवारको नामावलीको सूची प्रकाशन गर्ने:** पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका सम्बन्धमा मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले नियम ८ बमोजिम मनोनयनपत्र दर्ता गराएका उम्मेदवारको नामावलीको सूची आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र त्यसको एकप्रति आयोगमा पठाउनु पर्नेछ ।

११. **मनोनयनपत्रको जाँच गर्ने:** (१) निर्वाचन अधिकृतले ऐनको दफा २० बमोजिम दर्ता हुन आएका मनोनयनपत्रको जाँच गर्दा ऐनको दफा २१ बमोजिम कुनै उम्मेदवारको विरोधमा उजूरी परेको रहेछ भने सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(२) मनोनयनपत्र जाँच गर्दा कुनै निर्वाचन क्षेत्रमा एकै व्यक्तिको दुईवटा मनोनयनपत्र दर्ता भएकोमा दुईवटै मनोनयनपत्र रीतपूर्वकका रहेछन् भने निर्वाचन अधिकृतले सम्बन्धित उम्मेदवार वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थकको इच्छा अनुसार कुनै एउटा मनोनयनपत्र कायम गर्नु पर्नेछ ।

तर त्यस्तो उम्मेदवार, निजको प्रतिनिधि, प्रस्तावक वा समर्थक उपस्थित नभएको अवस्थामा निर्वाचन अधिकृतले कुनै एक मनोनयनपत्र कायम गर्न सक्नेछ ।

(३) मनोनयनपत्रको जाँच गर्दा मनोनयनपत्रमा रहेको सानोतिनो भूलचुकको कारणले मात्र सो मनोनयनपत्र बदर हुने छैन ।

**स्पष्टीकरण:** यस उपनियम र नियम २८ को उपनियम (२) को प्रयोजनको लागि "सानोतिनो भूलचुक" भन्नाले मतदाता नामावलीमा वा मनोनयनपत्रमा उम्मेदवार,

प्रस्तावक वा निजसँग सम्बन्धित व्यक्तिको नाम, थर, उमेर, वतन वा क्रमसङ्ख्याको लेखाई वा छपाई सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको सामान्य त्रुटि सम्झनु पर्छ ।

१२. **निर्विरोध निर्वाचित भएको घोषणाः** (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि कुनै निर्वाचन क्षेत्रमा ऐनको दफा २६ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा एक जनामात्र उम्मेदवार कायम हुन आएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारलाई ऐनको दफा २७ बमोजिम निर्विरोध निर्वाचित भएको घोषणा गरी सोको जानकारी आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्विरोध निर्वाचित भएको उम्मेदवारलाई निर्वाचन अधिकृतले मतदान गर्न तोकिएको समय समाप्त भएपछि निर्वाचित भएको प्रमाणपत्र दिनेछ ।

## परिच्छेद – ५

## समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि निर्वाचन अधिकृतको नियुक्ति र उम्मेदवारको मनोनयन

१३. **निर्वाचन अधिकृत सम्बन्धी विशेष व्यवस्थाः** (१) आयोगले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा १९ बमोजिम एकजना निर्वाचन अधिकृत र आवश्यक सङ्ख्यामा सहायक निर्वाचन अधिकृत नियुक्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निर्वाचन अधिकृतले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि नियम ३ को उपनियम (१) बमोजिमको निर्वाचन कार्यक्रम अनुसार गर्नुपर्ने कार्य सम्पादन गर्न आवश्यक सङ्ख्यामा कर्मचारी खटाउन सक्नेछ ।

(३) नियम ३ को उपनियम (१) बमोजिमको निर्वाचन कार्यक्रम एवं सो सम्बन्धमा आयोगले समय–समयमा दिएको निर्देशन अनुसार समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन सम्बन्धी सम्पूर्ण काम कारबाही उपनियम (१) बमोजिम नियुक्त निर्वाचन अधिकृतले सम्पादन गर्नु पर्नेछ ।

१४. **उम्मेदवारको बन्दसूची पेश गर्नेः** (१) नियम ३ को उपनियम (१) बमोजिमको निर्वाचन कार्यक्रम प्रकाशन भएपछि समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन चाहने दलले ऐनको दफा २८ बमोजिम तयार गरेको उम्मेदवारको बन्दसूची निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयभित्र आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(२) दलले उपनियम (१) बमोजिम उम्मेदवारको बन्दसूची तयार गर्दा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिई जनसङ्ख्याको आधारमा °यथासम्भव अनुसूची-१ मा उल्लेख भए बमोजिम दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र तथा अल्पसङ्ख्यक समुदाय समेतको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम तयार गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दलले उम्मेदवारको बन्दसूची पेश गर्दा प्रत्येक समावेशी समूहबाट कम्तीमा पचास प्रतिशत महिलाको नाम समावेश गर्नु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम उम्मेदवारको बन्दसूची पेश गर्दा अपाङ्गता भएको व्यक्तिको नाम समेत समावेश गर्नु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम दलले पेश गरेको बन्दसूचीमा समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने कूल सदस्य सङ्ख्याको दश प्रतिशत भन्दा कम सङ्ख्यांमा उम्मेदवारी दिएमा आयोगले त्यस्तो बन्दसूची दर्ता गर्ने छैन ।

(६) एकल चुनाव चिन्ह लिई निर्वाचनमा सहभागी हुने गरी दर्ता भएका दलले उम्मेदवारको बन्दसूची पेश गर्दा सम्बन्धित उम्मेदवार कुन राजनीतिक दलसँग सम्बन्धित हो सो समेत खुलाउनु पर्नेछ ।

(७) दलले उम्मेदवारको बन्दसूची पेश गर्ने ढाँचा अनुसूची-२ बमोजिम हुनेछ ।

(८) उम्मेदवारको बन्दसूची पेश गर्ने तथा सो उपर छानबीन गर्ने सम्बन्धी अन्य प्रकृया आयोगबाट स्वीकृत निर्देशिका बमोजिम हुनेछ ।

° पहिलो संशोधनद्वारा थप ।

१५. **उम्मेदवारले नाम फिर्ता लिन सक्ने:** (१) उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले निर्वाचन कार्यक्रममा तोकिएको समयावधिभित्र आफ्नो नाम फिर्ता लिन चाहेमा नियम १३ बमोजिमको निर्वाचन अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम नाम फिर्ता लिन कुनै निवेदन परेमा त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीबाट हटाई सोको जानकारी सम्बन्धित दललाई दिइनेछ ।

(३) उपनियम (१) बमोजिम कुनै उम्मेदवारले नाम फिर्ता लिएको जानकारी प्राप्त भए पछि निर्वाचन कार्यक्रममा तोकिएको समयभित्र त्यस्तो दलले अर्को उम्मेदवार मनोनयन गरी पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दलले अर्को उम्मेदवार मनोनयन गरी पठाउँदा जुन समावेशी समूहको उम्मेदवारले नाम फिर्ता लिएको हो सोही समूहको उम्मेदवार मनोनयन गरी पठाउनु पर्नेछ ।

१६. **दाबी विरोध तथा उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन:** (१) समानुपातिक निर्वाचन प्रणाली बमोजिम आयोग समक्ष प्राप्त हुन आएको उम्मेदवारको बन्दसूची आयोगले ऐन तथा यस नियमावली बमोजिम जाँचबुझ गरी सार्वजनिक गरेपछि त्यस्तो सूचीमा नाम समावेश भएका कुनै उम्मेदवार संविधान तथा ऐन बमोजिम योग्यता नपुगेको भनी सम्बन्धित प्रदेशको कुनै मतदाताले आयोग समक्ष दाबी विरोध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दाबी विरोध उपर आयोगले आवश्यक जाँचबुझ गर्दा कुनै उम्मेदवारको योग्यता नपुगेको देखिएमा त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीबाट हटाई आयोगले उम्मेदवारको अन्तिम बन्दसूची प्रकाशन गर्नेछ ।

तर यसरी कुनै उम्मेदवारको नाम उम्मेदवारको बन्दसूचीबाट हटाउनु अघि निजलाई आफ्नो भनाई पेश गर्ने मौका दिनु पर्नेछ ।

१७. **समानुपातिक निर्वाचनको लागि मनोनयनपत्र कायम हुने:** (१) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि सम्बन्धित दलले प्रत्येक प्रदेशका लागि आयोगमा पेश गरेको उम्मेदवारको बन्दसूचीलाई नै त्यस्तो उम्मेदवारको मनोनयनपत्र मानिनेछ ।

(२) दलले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि उम्मेदवारको बन्दसूची पेश गर्दा त्यस्तो बन्दसूचीमा नाम समावेश भएका प्रत्येक उम्मेदवारको नेपाली नागरिकताको प्रमाणपत्र वा मतदाता परिचयपत्रको प्रतिलिपि, सम्बन्धित प्रदेशभित्रको गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको निस्सा, उम्मेदवार हुने व्यक्तिको मञ्जुरीनामा तथा ऐनको दफा ७० बमोजिम धरौटी राखेको भौचर वा नगदी रसिद समेत पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ६

## निर्वाचन चिन्ह

१८. **निर्वाचन चिन्ह निर्धारण गर्ने:** निर्वाचन प्रयोजनको लागि दललाई र स्वतन्त्र उम्मेदवारलाई वितरण गर्ने निर्वाचन चिन्ह आयोगले निर्धारण गरी नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

१९. **दल तथा उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने:** (१) आयोगले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनको लागि दललाई निर्वाचन चिन्ह प्रदान गर्दा नियम १८ बमोजिम त्यस्तो दललाई निर्धारण गरिएको निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनमा दलको उम्मेदवारलाई नियम १८ बमोजिम त्यस्तो दललाई निर्धारण गरिएको निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले स्वतन्त्र उम्मेदवारलाई आयोगले नियम १८ बमोजिम स्वतन्त्र उम्मेदवारका लागि निर्धारण गरेको समूहबाट निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निर्वाचन अधिकृतले निर्वाचन चिन्ह प्रदान गर्दा त्यस्ता उम्मेदवारलाई निर्वाचन चिन्ह रोज्न लगाई उम्मेदवार वा निजको प्रतिनिधिको रोहवरमा प्रदान गर्नु पर्नेछ ।

तर निर्वाचन चिन्ह प्रदान गर्दा उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएको कारणबाट यस नियम बमोजिम निर्वाचन चिन्ह प्रदान गर्ने कार्यमा बाधा पुगेको मानिने छैन ।

(५) उपनियम (४) बमोजिम निर्वाचन चिन्ह रोज्न लगाउँदा एकभन्दा बढी उम्मेदवारले एउटै निर्वाचन चिन्ह रोजेमा त्यस्तो उम्मेदवारको नामको नेपाली वर्णानुक्रमको आधारमा प्राथमिकता दिई निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(६) निर्वाचन अधिकृतले यस नियम बमोजिम निर्वाचन चिन्ह प्रदान गरेको सूचना आफ्नो कार्यालयमा प्रकाशन गरी सो सूचनाको एकप्रति आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

## परिच्छेद - ७

## मतदान केन्द्र, मतपत्र र मतपेटिका

२०. **मतदान केन्द्र तोक्ने:** (१) आयोगले ऐनको दफा ३४ को उपदफा (१) बमोजिम मतदान केन्द्र तोक्दा मतदाताको सङ्ख्या, सुविधा तथा सुरक्षाको अवस्थालाई समेत ध्यान दिई सकभर मतदातालाई पायक पर्ने गरी सार्वजनिक स्थानमा तोक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतदान केन्द्र तोक्दा एउटा गाउँपालिका वा नगरपालिकाको प्रत्येक वडामा कम्तीमा एउटा मतदान केन्द्र पर्ने गरी तोक्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपनियम (१) बमोजिम तोकिएको मतदान केन्द्रको सूची आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम मतदान केन्द्रको सूची प्रकाशन गर्दा कुन-कुन गाउँ वा टोलका मतदाताहरूले कुन मतदान केन्द्रमा मतदान गर्न पाउने हो, सो कुरा समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(५) कुनै मतदान केन्द्रमा मतदान गर्ने मतदाताको सङ्ख्या आयोगले तोकेको सङ्ख्या भन्दा बढी हुने भएमा वा अन्य कुनै विशेष परिस्थिति सिर्जना भएको कारणबाट अन्य छुट्टै मतदान केन्द्र तोक्नुपर्ने भएमा आयोगको स्वीकृति लिई निर्वाचन अधिकृतले छुट्टै मतदान केन्द्र तोक्न सक्नेछ ।

(६) सुरक्षा तथा सुविधाको दृष्टिकोणबाट मतदान केन्द्र तोक्दा अपनाउनु पर्ने अन्य आधारहरू आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. **अस्थायी मतदाताको लागि मतदान केन्द्र सम्बन्धी व्यवस्थाः** आयोगले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा मत दिने प्रयोजनको लागि ऐनको दफा ३८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम आवश्यकता अनुसार छुट्टै मतदान केन्द्रको व्यवस्था गर्न सक्नेछ ।

२२. **मतदान केन्द्रको क्षेत्र तोक्नेः** मतदान अधिकृतले मतदान केन्द्र रहेको ठाउँको चारैतिर साधारणतया तीनसय मिटरसम्मको क्षेत्रलाई चारकिल्ला तोकी मतदान केन्द्रको क्षेत्र घोषित गर्नेछ र त्यसको सूचना सर्वसाधारणले देख्ने गरी मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

२३. **मतदान केन्द्रमा प्रवेश निषेध गर्न सकिनेः** (१) मतदान अधिकृतले मतदान केन्द्रमा भीड हुन, अनावश्यक रुपमा जमघट हुन वा कुनै गडबडी हुन नपाउने गरी मतदातालाई प्रवेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कुनै व्यक्तिलाई मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिँदा त्यस्तो व्यक्ति मतदानसँग सम्बद्ध व्यक्ति हो, होइन भन्ने कुरा यकिन गरेर मात्र अनुमति दिनु पर्नेछ ।

२४. **मतपत्रः** (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि मतपत्रमा रहने निर्वाचन चिन्ह र अन्य विवरण हरियो रङमा र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि मतपत्रमा रहने निर्वाचन चिन्ह र अन्य विवरण रातो रङमा छापिनेछ ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि प्रयोग गरिने मतपत्रमा उम्मेदवारको निर्वाचन चिन्ह र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन लागि प्रयोग गरिने मतपत्रमा दलको निर्वाचन चिन्ह छापिएको हुनेछ ।

(३) प्रत्येक मतपत्रको अधकट्टीमा आयोगले निर्धारण गरे बमोजिम सिलसिलेवार रुपमा क्रमसङ्ख्या छापिएको हुनेछ ।

(४) मतपत्रको ढाँचा, प्रकार र किसिम आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

२५. **मतपत्र रुजु गर्ने:** (१) निर्वाचन अधिकृतले आयोगले उपलब्ध गराएका मतपत्रहरू रुजु गर्नु  पर्नेछ । त्यसरी मतपत्र रुजु गर्दा मतपत्रहरू आयोगले तोकेको ढाँचामा छापिएको छ, छैन र प्रत्येक मतपत्रमा दल तथा उम्मेदवारको लागि आयोगले निर्धारण गरेका निर्वाचन चिन्ह तथा मतपत्रको अधकट्टीमा क्रमसङ्ख्या स्पष्ट रुपमा उल्लेख गरिएको छ, छैन यकिन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतपत्र रुजु गर्दा कुनै मतपत्र आयोगले तोकेको ढाँचामा नभएको, मतपत्रमा कुनै दल वा उम्मेदवारको निर्वाचन चिन्ह छुट भएको वा दोहोरिएको, मतपत्रको अधकट्टीमा क्रमसङ्ख्या उल्लेख नभएको वा अन्य कुनै किसिमको प्राविधिक त्रुटि भएको पाइएमा निर्वाचन अधिकृतले त्यस्ता मतपत्र छुट्याई सोको मुचुल्का गराई राख्नु पर्नेछ । त्यसरी छुट्याइएका मतपत्रको विवरण सम्बन्धी जानकारी निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

२६. **मतपेटिका:** (१) आयोगले प्रत्येक मतदान केन्द्रमा आवश्यक सङ्ख्यामा मतपेटिकाको व्यवस्था गर्नेछ ।

(२) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि छुट्टाछुट्टै मतपेटिका प्रयोग गर्नु पर्नेछ ।

(३) मतदान अधिकृतले मतपेटिका बुझी लिँदा त्यस्तो मतपेटिका दुरुस्त छ, छैन हेरी बुझी लिनु पर्नेछ ।

(४) मतदान अधिकृतले मतदान कार्य शुरु हुनु अघि उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतपेटिका खोलेर देखाई सो मतपेटिका दुरुस्त तथा रित्तो भए, नभएको जाँच गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम मतपेटिका जाँच गरी सकेपछि मतदान अधिकृतले रित्तो मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बाँकी राखी मतपेटिकाको बिर्को बन्द गरी सुरक्षण सिल लगाई आफूले सहीछाप गरी मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराई मुचुल्का तयार गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम मतपेटिकाको बिर्को बन्द गरेपछि मतदान कार्य शुरु गर्दा मतदान अधिकृतले आफूले सहिछाप गरी मतदान केन्द्रमा उपस्थित उम्मेदवार,

निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गरी गराई मुचुल्का तयार गर्नु पर्नेछ र कुनै उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले सहीछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

२७. **मतपेटिका बिग्रिएमा वा नासिएमाः** (१) मतदान केन्द्रमा पठाइएको मतपेटिका बिग्रिएमा वा नासिएमा मतदान अधिकृतले उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराई मुचुल्का तयार गर्नु पर्नेछ । निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ र सोको जानकारी निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतपेटिका नासिएको वा बिग्रिएको जानकारी प्राप्त भएमा निर्वाचन अधिकृतले तत्काल त्यस्तो मतदान केन्द्रमा आवश्यक मतपेटिका उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - ८

## मतदान

२८. **मतपत्र दिनेः** (१) मतदान केन्द्रमा मतदाता प्रवेश गरेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले आयोगले उपलब्ध गराएको फोटो सहितको मतदाता परिचयपत्र हेरी निजको नाम मतदाता नामावलीमा छ, छैन र मतदाता नामावलीमा भएको व्यहोरासँग भिड्छ, भिड्दैन सो जाँच गर्नु पर्नेछ । त्यसरी जाँच गर्दा मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति निज नै हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजलाई मतदान गर्न मतपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँच गर्दा कुनै मतदाताको व्यहोरामा लेखाई वा छपाईको सानोतिनो भूलचूक देखिए तापनि मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति निज नै हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा त्यस्तो मतदातालाई मतदान गर्न मतपत्र दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम मतदातालाई मतदान गर्न मतपत्र दिनु अघि मतदान अधिकृतले त्यस्तो मतपत्रमा दस्तखत गर्नु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम मतदातालाई मतपत्र दिएपछि मतदाता नामावलीमा निजले मतदान गरेको व्यहोरा जनिने सङ्केत गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम मतदाता नामावलीमा सङ्केत जनाई सकेपछि मतपत्रको अधकट्टीमा मतदाताको सहीछाप गराई मतदातालाई सर्वप्रथम पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि प्रयोग हुने मतपत्र दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको लागि प्रयोग हुने मतपत्र मतपेटिकामा खसाली सकेपछि त्यस्तो मतदातालाई समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि प्रयोग हुने मतपत्र दिनु पर्नेछ ।

२९. **<u>मतदान गर्ने तरीकाः</u>** (१) मतदाताले मतपत्र लिएपछि मतसङ्केत गर्ने गोप्य स्थानमा गई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि मतदान गर्दा मतपत्रमा आफूले रोजेको कुनै एक उम्मेदवारको लागि छुट्टयाईएको निर्वाचन चिन्ह भएको कोठामा र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको लागि मतदान गर्दा आफूले रोजेको कुनै एक दलको लागि छुट्टयाइएको निर्वाचन चिन्ह भएको कोठामा आयोगले उपलब्ध गराएको स्वस्तिक (卐) चिन्ह लगाई मतसङ्केत गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतसङ्केत गरेपछि मतदाताले मतसङ्केत गरेको चिन्ह नदेखिने गरी मतपत्र पट्याई पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि आयोगले तोकेको छुट्टाछुट्टै मतपेटिका भित्र खसाल्नु पर्नेछ ।

(३) मतसङ्केत गर्ने गोप्य स्थानमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिइनेछ ।

(४) कुनै मतदाता मतसङ्केत गर्ने गोप्य स्थानमा मतपत्रमा मतसङ्केत गर्ने छाप लगाउने र मतपत्र पट्याउन लाग्ने समयभन्दा बढी समयसम्म बसेको छ भन्ने मतदान अधिकृतलाई लागेमा निजले सो गोप्य स्थानको निरीक्षण गर्न र त्यहाँ रहेको मतदातालाई बाहिर पठाउन सक्नेछ ।

(५) कुनै मतदाताले मतपत्र बुझी लिएपछि मतदान नगर्ने निश्चय गरेमा सो मतपत्र मतदान अधिकृतलाई फिर्ता दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम कसैले मतदान नगरी मतपत्र फिर्ता गरेमा मतदान अधिकृतले सोको अभिलेख राखी त्यस्तो मतपत्र छुट्टै खामबन्दी गरी राख्नु पर्नेछ ।

३०. **विद्युतीय उपकरणको प्रयोगः** (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदान गर्ने प्रयोजनको लागि कुनै वा सबै निर्वाचन क्षेत्रमा आयोगले विद्युतीय उपकरणको प्रयोग गर्ने व्यवस्था गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोगले विद्युतीय उपकरण प्रयोग गर्ने व्यवस्था गरेको निर्वाचन क्षेत्रमा मतदाताले मतदान गर्दा विद्युतीय उपकरणको प्रयोग गर्नु पर्नेछ ।

(३) विद्युतीय उपकरण प्रयोग गर्ने कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

३१. **मतपेटिका बन्द गर्नेः** (१) मतदान अधिकृतले मतदानको काम समाप्त भएपछि मतपेटिकाको मतपत्र खसाल्ने प्वाल आयोगद्वारा निर्धारित तरिका बमोजिम बन्द गरी सुरक्षण सिल लगाई आफूले सहीछाप गरी मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराई मुचुल्का तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको मुचुल्कामा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले सहीछाप नगरेमा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

३२. **मतपत्रको फाँटवारी राखेः** मतदानको कार्य सम्पन्न भएपछि मतदान अधिकृतले प्रयोग भएका र प्रयोग नभएका मतपत्रको फाँटवारी तयार गरी राख्नु पर्नेछ ।

३३. **बाँकी मतपत्र र कागजात सिलबन्द गर्नेः** मतदानको कार्य सम्पन्न भएपछि मतदान अधिकृतले देहायका मतपत्र र अन्य कागजात छुट्टाछुट्टै खाममा सिलबन्द गरी खामको बाहिर सोको विवरण उल्लेख गरी आफूले सहीछाप गरी मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले चाहेमा निजहरूको समेत सहीछाप

गराई मुचुल्का तयार गर्नु पर्नेछ र निजहरूले सहीछाप गर्न नचाहेमा मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछः-

(क) प्रयोग नभएका मतपत्र,

(ख) रद्द गरिएका मतपत्र,

(ग) मतपेटिका बाहिर रहेका मतपत्र,

(घ) मत नदिने निश्चय गरी मतदाताले मतदान अधिकृतलाई फिर्ता दिएका मतपत्र,

(ङ) निविदा मतपत्र,

(च) प्रयोग भएका मतपत्रका अधकट्टी,

(छ) आयोग वा निर्वाचन अधिकृतको निर्देशन अनुसार सिलबन्द गरी राख्नु पर्ने अन्य कुनै कागजात ।

३४. **मतपेटिका र निर्वाचन सम्बन्धी कागजात बुझाउनेः** (१) मतदान अधिकृतले मतदान कार्य सम्पन्न भएपछि नियम ३१ बमोजिम सुरक्षण सिल लगाईएका मतपेटिका, नियम ३३ बमोजिमका मतपत्र तथा निर्वाचन सम्बन्धी कागजात राखेका सिलबन्दी खाम र अन्य निर्वाचन सामग्री तथा कागजात जतिसक्दो चाँडो सुरक्षित रुपमा निर्वाचन अधिकृत समक्ष बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतपेटिका, निर्वाचन सम्बन्धी सामग्री तथा कागजात बुझेपछि निर्वाचन अधिकृतले मतदान अधिकृतलाई सोको भरपाई दिनु पर्नेछ ।

## परिच्छेद - ९

## मतगणना र निर्वाचन परिणाम

३५. **निर्धारित समयमा मतगणना प्रारम्भ गर्नेः** (१) निर्वाचन अधिकृतले ऐनको दफा ५० बमोजिम प्रकाशित सूचनामा तोकिएको स्थान, मिति र समयमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा मतगणना प्रारम्भ गर्नु पर्नेछ ।

तर उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित नभएको कारणबाट मतगणना प्रारम्भ गर्न बाधा पुगेको मानिने छैन ।

(२) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गरेको मुचुल्का गराई राख्नु पर्नेछ ।

(३) मतगणना प्रारम्भ भएको जानकारी निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

३६. **मतपेटिका जाँच गर्नेः** (१) मतगणना प्रारम्भ भएको मुचुल्का गरी सकेपछि निर्वाचन अधिकृतले उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहवरमा मतपत्र रहेको मतपेटिकाको देहाय बमोजिम जाँच गर्नु पर्नेछः-

(क) प्रत्येक मतदान केन्द्रको मतपेटिका खोलिएको वा फोरिएको छ, छैन,

(ख) मतपेटिकामा मतदान केन्द्रको नाम, सङ्केत सङ्ख्या र मतपेटिकाको सङ्ख्या उल्लेख गरिएको छ, छैन,

(ग) मतपेटिका बन्द गरेको ठाउँमा लगाएको सुरक्षण सिल दुरुस्त छ, छैन ।

(२) निर्वाचन अधिकृतले उपनियम (१) बमोजिम मतपेटिका जाँच गरेको मुचुल्का गराई राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मतपेटिका जाँच गर्दा कुनै कैफियत देखिएमा सोही व्यहोरा खुलाई मुचुल्का गराई आफूले सहीछाप गरी उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराई राख्नु पर्नेछ । यसरी मुचुल्का तयार भएपछि त्यस्ता मतपेटिका सुरक्षित स्थानमा राख्नु पर्नेछ ।

३७. **मतगणनाः** (१) निर्वाचन अधिकृतले ऐनको दफा ५० बमोजिमको सूचनामा उल्लेख गरिएको स्थान, मिति र समयमा सम्भव भएसम्म दुवै निर्वाचन प्रणाली बमोजिमको निर्वाचनका मतगणना एकै समयमा प्रारम्भ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम एकै समयमा मतगणना प्रारम्भ गर्न नसकिएमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको मतगणना पहिला गर्नु पर्नेछ ।

३८. **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको मतगणनाः** (१) नियम ३६ बमोजिम मतपेटिका जाँच गरेको मुचुल्का गरी सकेपछि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचनको प्रयोजनको लागि प्रयोग गरिएको मतपेटिकामा लगाएको सुरक्षण सिल तोडी मतपेटिकामा रहेका सबै मतपत्रहरू गणना गर्ने स्थानमा खन्याउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतपत्र खन्याउँदा एकभन्दा बढी मतदान केन्द्रका मतपत्रहरू एकै स्थानमा मिसाई मतगणना गर्नु पर्नेछ । त्यसरी मतपत्र मिसाउनु अघि त्यस्ता मतदान केन्द्रमा खसेको कुल मतको विवरण छुट्टै लेखी सुरक्षित राख्नु पर्नेछ ।

(३) यस नियम बमोजिम मतगणना गर्नुअघि पट्याईएका मतपत्र मिलाई बदर मतपत्र अलग छुट्टयाई सदर मतपत्रहरू उम्मेदवारको निर्वाचन चिन्ह अनुसार अलग–अलग छुट्याई ठेली बनाई त्यस्ता मतदान केन्द्रमा खसेको मतपत्रको कुल सङ्ख्या उल्लेख गरी मुचुल्का बनाउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृत वा निजले खटाएको कर्मचारीले मतगणना गर्दा सदर वा बदर मतपत्र उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनु पर्नेछ । तर सो मतपत्र निजलाई छुन वा समाउन दिनु हुँदैन ।

(५) उपनियम (३) बमोजिम छुट्याइएका मतपत्रमध्ये सबैभन्दा पहिले बदर मतपत्र र त्यसपछि सदर मतपत्रको गणना गर्नु पर्नेछ ।

(६) सम्बन्धित निर्वाचन क्षेत्रको सबै मतदान केन्द्रको मतगणनाको कार्य सम्पन्न भई सकेपछि निर्वाचन अधिकृतले मतगणनाको परिणाम तयार गर्नु पर्नेछ । यसरी तालिका तयार गरेपछि सोको मुचुल्का गराई राख्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम मतगणना परिणाम तयार गरी सकेपछि निर्वाचन अधिकृतले सबैभन्दा बढी सदर मत पाउने उम्मेदवार निर्वाचित भएको घोषणा गरी सोही बमोजिमको निर्वाचन परिणाम प्रकाशन गर्नु पर्नेछ ।

(८) निर्वाचन अधिकृतले उपनियम (७) बमोजिमको निर्वाचन परिणामको एकप्रति आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

(९) निर्वाचन अधिकृतले गणना गरी सकेका मतपत्रमध्ये सदर र बदर मतपत्र छुट्टाछुट्टै खाम वा थैलोमा सिलबन्द गरी राख्नु पर्नेछ । यसरी सिलबन्द गर्दा आफूले

सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले सहीछाप गर्न चाहेमा निजहरूलाई समेत सहीछाप गर्न दिनु पर्नेछ ।

(१०) मतगणनाको कार्य सम्पन्न भएपछि निर्वाचन अधिकृतले मतगणना कार्य सम्पन्न भएको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी मतगणना स्थलमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(११) यस नियम बमोजिम तयार गरिएको मुचुल्का वा मतगणना तालिकामा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले सहीछाप नगरेमा सोही व्यहोरा जनाई मतगणना स्थलमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

३९. **समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणनाः** (१) नियम ३६ बमोजिम मतपेटिका जाँच गरेको मुचुल्का गरी सकेपछि समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा प्रयोग गरिएको मतपेटिकामा लगाएको सुरक्षण सिल तोडी मतपेटिकामा रहेका सबै मतपत्र गणना गर्ने स्थानमा खन्याउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतपत्र खन्याउँदा एकभन्दा बढी मतदान केन्द्रको मतपत्रहरू एकै स्थानमा मिसाई मतगणना गर्नु पर्नेछ । यसरी मतपत्र मिसाउनु अघि त्यस्ता मतदान केन्द्रमा खसेको कुल मतको विवरण छुट्टै लेखी सुरक्षित राख्नु पर्नेछ ।

(३) यस नियम बमोजिम मतगणना गर्नुअघि बदर मतपत्र अलग छुट्याई सदर मतपत्र दलको निर्वाचन चिन्ह अनुसार अलग–अलग छुट्टयाई ठेली बनाई त्यस्ता मतदान केन्द्रमा खसेको मतपत्रको कुल सङ्ख्या उल्लेख गरी मुचुल्का बनाउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृत वा निजले खटाएको कर्मचारीले मतगणना गर्दा सदर वा बदर मतपत्र निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनु पर्नेछ । तर सो मतपत्र निजलाई छुन वा समाउन दिनु हुदैन ।

(५) उपनियम (३) बमोजिम छुट्याइएका मतपत्रमध्ये सबैभन्दा पहिले बदर मतपत्र र त्यसपछि सदर मतपत्रको गणना गर्नु पर्नेछ ।

(६) सम्बन्धित निर्वाचन क्षेत्रको सबै मतदान केन्द्रको मतगणनाको कार्य सम्पन्न भई सकेपछि निर्वाचन अधिकृतले मतगणनाको तालिका तयार गरी प्रकाशन गर्नु पर्नेछ । यसरी तालिका तयार गरेपछि सोको मुचुल्का गराई राख्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम निर्वाचन अधिकृतले तयार गरेको मतगणना तालिकाको एकप्रति नियम १३ बमोजिमको निर्वाचन अधिकृतको कार्यालयमा तुरुन्त पठाउनु पर्नेछ ।

(८) निर्वाचन अधिकृतले गणना गरी सकेका मतपत्रमध्ये सदर र बदर मतपत्र छुट्टाछुट्टै खाम वा थैलोमा सिलबन्द गरी राख्नु पर्नेछ । यसरी सिलबन्द गर्दा आफूले सहीछाप गरी निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले सहीछाप गर्न चाहेमा निजहरूलाई समेत सहीछाप गर्न दिनु पर्नेछ ।

(९) मतगणनाको कार्य सम्पन्न भएपछि निर्वाचन अधिकृतले मतगणना समाप्त भएको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी मतगणना स्थलमा उपस्थित निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(१०) यस नियम बमोजिम तयार गरिएको मुचुल्का वा मतगणना तालिकामा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले सहीछाप नगरेमा सोही व्यहोरा जनाई मतगणना स्थलमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

४०. **समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन तर्फ सीटको बाँडफाँटः** (१) नियम ३९ को उपनियम (७) बमोजिम सम्बन्धित प्रदेशका सबै निर्वाचन क्षेत्रबाट समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणना तालिका प्राप्त भएपछि नियम १३ बमोजिमको निर्वाचन अधिकृतले दलले प्राप्त गरेको सदर मत जोडी त्यस्तो दलले प्राप्त गरेको कुल मत सङ्ख्या यकिन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दलले प्राप्त गरेको कुल सदर मतको आधारमा त्यस्तो निर्वाचन अधिकृतले ऐनको दफा ६० तथा नियम १४ को उपनियम (२) को अधीनमा रही दलले प्राप्त गर्ने सीट सङ्ख्या निर्धारण गरी आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दलले प्राप्त गर्ने सीट सङ्ख्या निर्धारण गर्दा त्यस्तो दलले प्राप्त गरेको सीट सङ्ख्याको आधारमा ■ऐनको दफा ६० को उपदफा (४) बमोजिम त्यस्तो दलको तर्फबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने कुल सदस्य सङ्ख्याको

■ पहिलो संशोधनद्वारा संशोधित ।

तेत्तीस प्रतिशत महिलाको प्रतिनिधित्व हुने गरी नाम समावेश गर्नुपर्ने महिलाको सङ्ख्या र त्यस्तो दलले नियम १४ को उपनियम (२) बमोजिम उम्मेदवारको बन्दसूचीमा समावेश गरेको विभिन्न समावेशी समूहका उम्मेदवारको सङ्ख्याको अनुपातमा ऐनको दफा ६० को उपदफा (२) बमोजिमको मतपरिणाम विभाजक सुत्रको आधारमा अन्य समावेशी समूहबाट प्रतिनिधित्व गराउनु पर्ने सङ्ख्या समेत निर्धारण गर्नु पर्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम सम्बन्धित दलले प्राप्त गर्ने र प्रतिनिधित्व गराउनु पर्ने सीट सङ्ख्या आयोगले स्वीकृत गर्नेछ ।

४१. **उम्मेदवार छनौट गर्नेः** (१) नियम ४० बमोजिम दलले प्राप्त गर्ने सीट सङ्ख्या र प्रतिनिधित्व गराउनु पर्ने समावेशी समूह बमोजिमका उम्मेदवार छनौट गरी पठाउन नियम १३ बमोजिमको निर्वाचन अधिकृतले अवधि तोकी सम्बन्धित दललाई जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको जानकारी प्राप्त गरेपछि दलले ऐनको दफा २९ को उपदफा (६) बमोजिम उम्मेदवारको अन्तिम बन्दसूचीमा नाम समावेश भएका उम्मेदवार मध्येबाट उपनियम (१) बमोजिम समावेशी समूहको प्रतिनिधित्व हुने गरी उम्मेदवारको नाम छनौट गरी आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै समावेशी समूहको उम्मेदवारको नाम छनौट गर्दा त्यस्तो समावेशी समूहको माथिल्लो क्रममा भएको उम्मेदवारको नाम छनौट नगरी तल्लो क्रममा भएको उम्मेदवारको नाम छनौट गर्न पाइने छैन ।

(४) यस नियम बमोजिम दलले उम्मेदवार छनौट गरी पठाउँदा यथासम्भव अपाङ्गता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने गरी पठाउनु पर्नेछ ।

४२. **प्रतिवेदन दिनुपर्नेः** (१) निर्वाचन अधिकृतले निर्वाचनको परिणाम घोषणा गरी सकेपछि देहाय बमोजिमको विवरण समावेश भएको प्रतिवेदन तयार गरी मुख्य निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछः

(क) मतदाताको सङ्ख्या,

(ख) उम्मेदवारको विवरण,

(ग) खसेको कुल मत,

(घ) बदर मत,

(ङ) प्रत्येक उम्मेदवार तथा दलले प्राप्त गरेको मत,

(च) निर्वाचित उम्मेदवारको विवरण,

(छ) निर्वाचनमा खटिएका कर्मचारीको विवरण,

(ज) निर्वाचनमा भएको खर्चको विवरण,

(झ) आयोगले तोकेको अन्य विवरण ।

(२) उपनियम (१) बमोजिम जिल्लाभित्रका सबै निर्वाचन क्षेत्रबाट प्रतिवेदन प्राप्त भएपछि मुख्य निर्वाचन अधिकृतले सोही आधारमा प्रतिवेदन तयार गरी आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

## परिच्छेद - १०

## उम्मेदवार वा दलको प्रतिनिधि

४३. **निर्वाचन प्रतिनिधिः** (१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन तर्फको कुनै उम्मेदवारले निर्वाचनमा आफ्नो तर्फबाट गर्नुपर्ने काम गर्न एकजना निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(२) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा दलले आफ्नो तर्फबाट आयोगमा गर्नु पर्ने काम गर्न एकजना र प्रत्येक निर्वाचन क्षेत्रमा एक-एक जना निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम कुनै व्यक्ति निर्वाचन प्रतिनिधि हुन देहायको योग्यता भएको हुनु पर्नेछः

(क) नेपालको नागरिक,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको,

(ग) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा दलले आयोगमा गर्नुपर्ने कामको लागि नियुक्त गर्ने निर्वाचन प्रतिनिधिको हकमा सम्बन्धित प्रदेशको कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र प्रत्येक

निर्वाचन क्षेत्रमा गर्नुपर्ने कामको लागि सम्बन्धित निर्वाचन क्षेत्रको कुनै गाउँपालिका वा नगरपालिकाको वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवारले नियुक्त गर्ने निर्वाचन प्रतिनिधिको हकमा सम्बन्धित निर्वाचन क्षेत्रको कुनै गाउँपालिका वा नगरपालिकाको वडाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(ङ) साधारण लेखपढ गर्न जानेको,

(च) ऐनको दफा १३ बमोजिम अयोग्य नभएको,

(छ) अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

(४) निर्वाचन प्रतिनिधिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मतदान, मतगणना वा निर्वाचन सम्बन्धी अन्य कार्यमा उम्मेदवार वा दलको प्रतिनिधित्व गर्ने,

(ख) मतदान, मतगणना वा निर्वाचन सम्बन्धी अन्य कार्य गर्दा तयार गर्नुपर्ने विभिन्न मुचुल्कामा उम्मेदवार वा दलको प्रतिनिधिको रुपमा सहीछाप गर्ने,

(ग) निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने ।

(५) उपनियम (१) बमोजिम उम्मेदवारले निर्वाचन प्रतिनिधि नियुक्त गरेको जानकारी सम्बन्धित निर्वाचन अधिकृतलाई र उपनियम (२) बमोजिम दलले निर्वाचन प्रतिनिधि नियुक्त गरेको जानकारी आयोगमा दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम दलले समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि निर्वाचन प्रतिनिधि नियुक्त गरी पठाएको जानकारी नियम १३ बमोजिमको निर्वाचन अधिकृतले सम्बन्धित निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ ।

(७) निर्वाचन अधिकृतले निर्वाचन प्रतिनिधिलाई आयोगले तोके बमोजिमको परिचयपत्र दिनु पर्नेछ ।

४४. **मतदान प्रतिनिधिः** (१) निर्वाचनमा मतदान सम्बन्धी कामको लागि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले प्रत्येक मतदान केन्द्रमा एकजना मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

तर कुनै दल र सो दलको उम्मेदवारको तर्फबाट एउटा मतदान केन्द्रमा एकजना मात्र मतदान प्रतिनिधि रहन सक्नेछ ।

(२) सम्बन्धित मतदान केन्द्रमा मतदान गर्न पाउने गरी अन्तिम मतदाता नामावलीमा नाम भएको र लेखपढ गर्न जान्ने व्यक्तिलाई मतदान प्रतिनिधि नियुक्त गर्न सकिनेछ ।

(३) उपनियम (२) बमोजिम मतदान प्रतिनिधि नियुक्त गरेको जानकारी सम्बन्धित मतदान अधिकृतलाई दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम नियुक्त मतदान प्रतिनिधिलाई मतदान अधिकृतले परिचयपत्र दिनु पर्नेछ ।

(५) शान्तिपूर्ण ढङ्गबाट मतदान कार्य सम्पन्न गर्न सहयोग गर्नु तथा मतदान सम्बन्धी तयार गर्नुपर्ने मुचुल्कामा सहीछाप गर्नु मतदान प्रतिनिधिको कर्तव्य हुनेछ ।

४५. **मतगणना प्रतिनिधिः** (१) मतगणना सम्बन्धी कामको लागि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन अधिकृतले तोकिदिएको सङ्ख्यामा मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(२) सम्बन्धित निर्वाचन क्षेत्र अन्तर्गतको गाउँपालिका वा नगरपालिकाको वडाको अन्तिम मतदाता नामावलीमा नाम भएको र लेखपढ गर्न जान्ने व्यक्तिलाई मतगणना प्रतिनिधि नियुक्त गर्न सकिनेछ ।

(३) मतगणना प्रतिनिधिको कार्यावधि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले अगावै खारेज गरेमा बाहेक निर्वाचन परिणाम घोषणा नभएसम्म कायम रहनेछ ।

(४) मतगणना प्रतिनिधिलाई मतगणना स्थलमा प्रवेश गर्नको लागि निर्वाचन अधिकृतले मतगणना प्रतिनिधि परिचयपत्र दिनु पर्नेछ ।

(५) शान्तिपूर्ण ढङ्गबाट मतगणना कार्य सम्पन्न गर्न सहयोग गर्ने र मतगणना गर्दा तयार गर्नुपर्ने मुचुल्कामा सहीछाप गर्नु मतगणना प्रतिनिधिको कर्तव्य हुनेछ ।

## परिच्छेद - ११

## विविध

४६. **उम्मेदवारको मृत्यु भएमाः** (१) प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदको निर्वाचन एकै मितिमा हुने गरी निर्वाचन मिति तोकिएको अवस्थामा प्रतिनिधि सभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचन तर्फको कुनै दलको उम्मेदवारको मृत्यु भई निर्वाचन कार्यक्रममा तोकिएको मितिमा मतदान नहुने भएमा प्रतिनिधि सभाको त्यस्तो निर्वाचन क्षेत्रभित्र पर्ने प्रदेश सभा सदस्यको मतदानको कार्यक्रम समेत स्थगित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतदान कार्यक्रम स्थगित भएकोमा त्यस्तो निर्वाचन क्षेत्रमा प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि तोकिएको मतदानको दिनमा नै प्रदेश सभाको सम्बन्धित निर्वाचन क्षेत्रको लागि समेत मतदान हुनेछ ।

४७. **सदस्यको मृत्यु भएमा अर्को सदस्य मनोनयन गर्नेः** (१) समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित कुनै सदस्यको मृत्यु भई, राजीनामा दिई, दल त्याग गरी वा अन्य कुनै कारणले पद रिक्त भएमा प्रदेश सभाको सचिवालयले आयोगलाई जानकारी गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पद रिक्त भएको जानकारी प्राप्त भएपछि आयोगले सम्बन्धित दललाई अर्को उम्मेदवारको नाम मनोनयन गरी पठाउन सात दिनको समय दिई जानकारी गराउनेछ ।

(३) उपनियम (२) बमोजिमको जानकारी प्राप्त भएपछि सम्बन्धित दलले दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको निर्णय अनुसार उम्मेदवारको बन्दसूचीमा कायम रहेको अर्को उम्मेदवारको नाम मनोनयन गरी पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दलले उम्मेदवार मनोनयन गरी पठाउँदा जुन समावेशी समूहको सदस्यको पद रिक्त भएको हो उपलब्ध भएसम्म सोही समावेशी समूहको उम्मेदवारको नाम मनोनयन गरी पठाउनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम दलले मनोनयन गरी पठाएको उम्मेदवारलाई आयोगले सदस्य पदमा निर्वाचित भएको घोषणा गर्नेछ ।

४८. **निविदा मतपत्र दिने कार्यविधिः** (१) कुनै मतदाताले आफ्नो नामबाट अरु कसैले मतपत्र लिई सकेको वा मतदान गरी सकेको तर आफू नै वास्तविक मतदाता हो भनी दाबी गर्न चाहेमा निजले मतदान अधिकृत समक्ष आफ्नो परिचय खुल्ने प्रमाण संलग्न राखी आफू नै वास्तविक मतदाता भएको दाबी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दाबी गरिएको अवस्थामा मतदान अधिकृतले दाबीकर्ताको दाबी बमोजिम निज वास्तविक मतदाता हो होइन भन्ने कुरा यकिन गर्नु पर्नेछ । दाबीकर्ताले आफ्नो नागरिकताको प्रमाणपत्र, मतदाता परिचयपत्र वा निजको परिचय खुल्ने अन्य प्रमाण प्रस्तुत गरेमा सोको प्रतिलिपि मतदान अधिकृतले लिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्तुत प्रमाणबाट दाबीकर्ता वास्तविक मतदाता हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा मतदान अधिकृतले सो कुरा जनाई अभिलेख राखी निर्णय गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निर्णय गरेपछि मतदान अधिकृतले निविदा मतपत्रको लगत तयार गरी सो लगतमा दाबीकर्ताको सहीछाप समेत गराई मतपत्रमा मतदान अधिकृतले सही गर्ने ठाउँको बाँयातिरको खाली ठाउँमा “निविदा मतपत्र” लेखी सो मतपत्र दाबीकर्ता मतदातालाई मतसङ्केत गर्न दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको मतपत्र मतपेटिका भित्र नखसाली निविदा मतपत्र राख्ने छुट्टै खाममा राख्नु पर्नेछ र त्यस्तो खाम मतदान अधिकृतले आफ्नो जिम्मामा राख्नु पर्नेछ ।

(६) मतदान अधिकृतले दाबीकर्ताको विवरण, दाबीकर्ताको प्रमाणको विवरण र निर्णय समेतको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

४९. **अयोग्यता सम्बन्धी उजूरीः** ऐन तथा यस नियमावली बमोजिम निर्वाचित कुनै व्यक्ति सो पदको लागि अयोग्य रहेको भनी त्यस्तो पदमा उम्मेदवारी दिएको कुनै व्यक्तिले निर्वाचन परिणाम घोषणा भएको पैंतीस दिनभित्र आफैले वा वारिस मार्फत अदालतमा उजूरी दिन सक्नेछ ।

५०. **निर्वाचन खर्चको विवरणः** निर्वाचनको अवधिमा उम्मेदवार वा दलले आयोगले निर्धारण गरे बमोजिमको विभिन्न शीर्षकमा गरेको खर्चको विवरण शीर्षक अनुसार आयोगद्वारा स्वीकृत निर्देशिकामा उल्लिखित ढाँचामा तयार गरी राख्नु पर्नेछ ।

५१. **मुचुल्काको ढाँचाः** यस नियमावली बमोजिम तयार गर्नुपर्ने मुचुल्काको ढाँचा आयोगद्वारा स्वीकृत निर्देशिकामा निर्धारण गरिए बमोजिम हुनेछ ।

५२. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** आयोगले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ ।

नेपाल कानून आयोग

## अनुसूची - १

### (नियम १४ को उपनियम (२) सँग सम्बन्धित)

### उम्मेदवारको बन्दसूचीको लागि समावेशी आधार

१. प्रदेश नं. १ को लागिः

| | |
|---|---|
| (क) आदिवासी जनजाति | ४६.७९ प्रतिशत |
| (ख) खस आर्य | २७.८४ प्रतिशत |
| (ग) थारु | ४.१५ प्रतिशत |
| (घ) दलित | १०.०६ प्रतिशत |
| (ङ) मधेशी | ७.५७ प्रतिशत |
| (च) मुस्लिम | ३.५९ प्रतिशत |

दृष्टव्यः दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट १७.५३ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएका क्षेत्रबाट ०.४४ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

२. प्रदेश नं. २ को लागिः

| | |
|---|---|
| (क) आदिवासी जनजाति | ६.६१ प्रतिशत |
| (ख) खस आर्य | ४.८९ प्रतिशत |
| (ग) थारु | ५.२७ प्रतिशत |
| (घ) दलित | १७.२९ प्रतिशत |
| (ङ) मधेशी | ५४.३६ प्रतिशत |
| (च) मुस्लिम | ११.५८ प्रतिशत |

द्रष्टव्यः दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट २५.१७ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट २.११ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

३. प्रदेश नं. ३ को लागिः

| | |
|---|---|
| (क) आदिवासी जनजाति | ५३.१७ प्रतिशत |
| (ख) खस आर्य | ३७.०९ प्रतिशत |
| (ग) थारु | १.६६ प्रतिशत |
| (घ) दलित | ५.८४ प्रतिशत |
| (ङ) मधेशी | १.५७ प्रतिशत |
| (च) मुस्लिम | ०.६७ प्रतिशत |

द्रष्टव्यः दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट ७.७७ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट १.०० प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

४. प्रदेश नं. ४ को लागिः

| | |
|---|---|
| (क) आदिवासी जनजाति | ४२.३७ प्रतिशत |
| (ख) खस आर्य | ३७.२४ प्रतिशत |
| (ग) थारु | १.७२ प्रतिशत |
| (घ) दलित | १७.४४ प्रतिशत |
| (ङ) मधेशी | ०.५२ प्रतिशत |
| (च) मुस्लिम | ०.७१ प्रतिशत |

नेपाल कानून आयोग

द्रष्टव्यः दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट ६.०२ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट ०.०८ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

५. प्रदेश नं. ५ को लागिः

| | |
|---|---|
| (क) आदिवासी जनजाति | १९.५८ प्रतिशत |
| (ख) खस आर्य | २८.८४ प्रतिशत |
| (ग) थारु | १५.१८ प्रतिशत |
| (घ) दलित | १५.११ प्रतिशत |
| (ङ) मधेशी | १४.३५ प्रतिशत |
| (च) मुस्लिम | ६.९४ प्रतिशत |

द्रष्टव्यः दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट ८.४७ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट १.१७ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

६. प्रदेश नं. ६ को लागिः

| | |
|---|---|
| (क) आदिवासी जनजाति | १३.६३ प्रतिशत |
| (ख) खस आर्य | ६२.२ प्रतिशत |
| (ग) थारु | ०.५ प्रतिशत |
| (घ) दलित | २३.२५ प्रतिशत |
| (ङ) मधेशी | ०.२४ प्रतिशत |
| (च) मुस्लिम | ०.१८ प्रतिशत |

नेपाल कानून आयोग

द्रष्टव्य: दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट १.४७ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट ३२.४ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

७. प्रदेश नं. ७ को लागिः

| | |
|---|---|
| (क) आदिवासी जनजाति | ३.६१ प्रतिशत |
| (ख) खस आर्य | ६०.०२ प्रतिशत |
| (ग) थारु | १७.२१ प्रतिशत |
| (घ) दलित | १७.२९ प्रतिशत |
| (ङ) मधेशी | १.६४ प्रतिशत |
| (च) मुस्लिम | ०.२३ प्रतिशत |

द्रष्टव्य: दलले उम्मेदवारको बन्दसूची पेश गर्दा अल्पसङ्ख्यक समुदायबाट २.३७ प्रतिशत र सम्बन्धित प्रदेश अन्तर्गतको पिछडिएको क्षेत्रबाट १२.७८ प्रतिशत उम्मेदवारको नाम समावेश गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

## अनुसूची - २
## (नियम १४ को उपनियम (७) सँग सम्बन्धित)
## <u>उम्मेदवारको बन्दसूची</u>

श्री निर्वाचन अधिकृत,
निर्वाचन अधिकृतको कार्यालय,
निर्वाचन आयोग
काठमाडौ ।

विषयः उम्मेदवारको बन्दसूची पेश गरेको ।

प्रदेश सभा सदस्य निर्वाचन अन्तर्गत समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनका लागि .................. राजनीतिक दलबाट प्रदेश नं. .......... अन्तर्गत देहाय बमोजिमका उम्मेदवारको नाम र विवरण रहेको बन्दसूची पेश गरेको छुः-

| क्र. सं. | उम्मेदवारको पूरा नाम, थर | नागरिकता नं. र जिल्ला | मतदाता नं. | आदिवासी जनजाति | | | खस आर्य | | | थारु | | | दलित | | | मधेसी | | | मुस्लिम | | | अल्प सङ्ख्यक | पिछडिएको क्षेत्र | अपाङ्गता भएको व्यक्ति | सम्बन्धित राजनीतिक दल | अल्प सङ्ख्यकको हकमा जाति उल्लेख गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म. | पु. | अन्य | म. | पु. | अन्य | म. | पु. | अन्य | म. | पु. | अन्य | म. | पु. | अन्य | म. | पु. | अन्य | | | | | | |
| १. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

नेपाल कानून आयोग

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५. | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| प्रतिशत | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

यस बन्दसूचीमा समावेश भएका उम्मेदवारहरू प्रदेश सदस्य निर्वाचन ऐन, २०७४ को दफा १३ बमोजिम अयोग्य नभएको हुँदा निजहरू प्रदेश सभा सदस्य हुन योग्य रहेका छन् ।

<u>दलको तर्फबाट अधिकार प्राप्त व्यक्तिको,-</u>

सहीछापः ....................................

पूरा नाम थरः ..............................

राजनीतिक दलको नामः .................

मितिः ........................................

<u>द्रष्टव्यः-</u>

(१) उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्ति जुन समावेशी समूहको हो सो कोलममा १ अङ्क लेख्नु पर्नेछ ।

(२) एकल चुनाव चिन्ह लिई निर्वाचनमा सहभागी हुने गरी दर्ता भएका दलले सम्बन्धित उम्मेदवार कुन राजनीतिक दलसँग सम्बन्धित हो सो समेत खुलाउनु पर्नेछ ।

नेपाल कानून आयोग